आर्थिक वर्ष २०८२।०८३

बैठक संख्या: १४

आज मिति २०८३ असार ०५ गते शुक्रबारका दिन आलिताल गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा आलिताल गाउँपालिका सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी छलफल भइ देहायका निर्णयहरू गरियो।

उपस्थिति:

१. गाउँपालिका अध्यक्ष, श्री शेर सिंह पार्की

२. गाउँपालिका उपाध्यक्ष, श्री मैना कुमारी राक्ल बोहरा

३. वडा अध्यक्ष, वडा नं.१. श्री यज्ञ बहादुर देउवा

४. वडा अध्यक्ष, वडा नं. २. श्री श्री प्रमोद बहादुर मल्ल

५. वडा अध्यक्ष वडा नं. ३ श्री बल बहादुर बुढामगर

६. वडा अध्यक्ष, वडा नं. ४. श्री कमल सिंह बोहरा

७. वडा अध्यक्ष, वडा नं. ५. श्री डम्बर बहादुर ढाट

८. वडा अध्यक्ष, वडा नं. ६, श्री कुम्भर बुढा

९. वडा अध्यक्ष, वडा नं. ७. श्री विर बहादुर बोहरा

१०. वडा अध्यक्ष, वडा नं ८. श्री धन वहादुर देउवा

११. कार्यपालिका सदस्य, श्री भिमा देवी ओली

१२. कार्यपालिका सदस्य, श्री खिमा देवी गिरी

१३. कार्यपालिका सदस्य, श्री कलावती देवी नाथ

१४. कार्यापालिका सदस्य, श्री गोमती देवी पार्की

१५. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर दमाई

१६. कार्यपालिका सदस्य, श्री रमेश बहादुर कामी

१७. सचिव, प्र.प्र.अ.श्री कृष्णानन्द जोशी

**कृष्णा नन्द जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

प्रस्तावहरु:-

१. पुर्ब बैठकको समिक्षा सम्बन्धमा।

२. आगामी आ.ब.को नीति तथा कार्यक्रम सम्बन्धमा।

३. आगामी आ.ब.को बजेट बक्तब्य मस्यौंदा सम्बन्धमा।

४. ठेक्काहरुको म्याद थप सम्बन्धमा।

५. बिबिध

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CS Scanned with CamScanner

निर्णयहरु:-

निर्णय नं १- प्रस्ताव नं १ माथि छलफल गर्दा बिगतको कार्यपालिका बैठक बाट गरिएका निर्णयहरुबारे छलफल गरियो र बाँकी कार्यान्वयन गर्न रहेका योजना तथा कार्यक्रमहरु समयमा नै कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो। साथै २०७९ साल देखि हाल सम्म सम्पन्न भएका योजनाहरुको अभिलेखिकरण गर्ने तथा प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं २:- प्रस्ताव नं २ माथि छलफल गर्दा आलिताल गाउँपालिकाको आगामी बर्षको नीति तथा कार्यक्रमको मस्यौदामा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावहरु समेत समेटेर तयार गरी गाउपालिका अध्यक्ष ज्यू मार्फत आगामी गाउँसभामा प्रस्तुत गर्ने निर्णय गरियो।

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको आगामी बर्षको बजेट बक्तव्यको मस्यौदामा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावहरु समेत समेटेर तयार गरी गाउँपालिका उपाध्यक्ष मार्फत गाउँसभामा प्रस्तुत गर्ने निर्णय गरियो।

निर्णय नं ४:- प्रस्ताव नं ४ माथि छलफल गर्दा ईन्धनमा भएको मुल्य वृद्धि, सामाग्री अभाव लगायतका बिबिध कारण दर्शाई समयमा सम्पन्न हुन नसकेकोले नयाँ कार्ययोजना सहित योजनाहरुको म्याद थप गरिपाउँ भनि निर्माणकर्ताबाट यस कार्यालयमा निवेदन प्राप्त भए बमोजिम पेश भएको कार्यतालिका बमोजिम समयमै काम सम्पन्न गर्ने गरी तपसिलका योजनाहरुको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय गरियो।

तपसिल:

| सि.न. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | म्याद सकिने मिति | थप गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | आलिताल पर्यटन पुर्वाधार निर्माण योजना | H.k.Construction Sanfebagar, Accham | २०८३।२।३० | २०८३।३।२० |
| २ | सुनखोला जुङ्गेखोला तटवन्ध निर्माण योजना | M.S.-Deep Joint Venture | २०८३।२।३० | २०८३।३।२० |
| ३ | गाउपालिका प्रशासकीय भवन | Y.R.Pant J.V. Mahendranagar, Kanchanpur | २०८३।२।३० | २०८३।३।२० |
| ४ | दशसय्या अस्पताल निर्माण | BARAHA Developers Pvt.Ltd. | २०८३।१।३० | २०८३।३।२० |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CS Scanned with CamScanner

निर्णय नं ५ बिबिध क :- (प्रस्ताव नं ५) विविध क माथि छलफल गर्दा शिक्षा बिकास तथा समन्वय ईकाई डडेल्धुराको च. नं. ६७६ मिति २०८३।२।११ गतेको पत्रका साथ प्राप्त जिल्ला शिक्षा समितिको मिति २०८३।२।११ गतेको निर्णय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौंतिसौं बार्षिक प्रतिबेदन तथा आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को महालेखा परिक्षक कार्यालयको प्रतिबेदनमा उल्लेख गरेका सुझाव कार्यान्वयन गर्न सामुदायिक बिधालयहरुको शिक्षक बिद्यार्थी अनुपात तथा भौगोलिक अबस्था समेतका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यका लागि प्रचलित कानुन बमोजिम अध्ययन गरी ६० दिन भित्र सुझाव सहित प्रतिबेदन पेश गर्न तपसिल बमोजिमको बिधालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल:-

१. कुम्भर बुढा (सामाजिक बिकास समिति संयोजक)- संयोजक
२. धन बहादुर देउबा (गाउँ शिक्षा समिति प्रतिनिधी) - सदस्य
३. इकाइ प्रमुख (शिक्षा विकास तथा समन्वय इकाइ डडेल्धुरा)- सदस्य
४. तुलाराम बोहरा (वि.व्य.स. अध्यक्ष कृष्णकालिका मा.वि. घरेलु)- सदस्य
५. मान वहादुर रावत( प्र.अ. दुर्गा मा.वि. डोला)- सदस्य
६. जानकी विष्ट (प्र.अ. एकता प्रा.वि. कोईलानी)- सदस्य
७. देवराज पन्त (शिक्षा शाखा प्रमुख) -सदस्य सचिव

निर्णय नं ५ बिबिध ख :- (प्रस्ताव नं ५) बिबिध ख माथि छलफल गर्दा आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को महालेखा परिक्षक कार्यालयको प्रतिबेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौंतिसौं वार्षिक प्रतिबेदनमा भौगोलिक अवस्था, श्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा स्विकृत संगठन संरचना र दरबन्दी अनुसार मात्र कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्ने भनी उल्लेख गरेका सुझाव कार्यान्वयन गर्न स्थानीय सेवा ऐन र नियमावली अनुसार संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको आधारमा प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दी भित्र रहेर करार जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ५ बिविध ग :- (प्रस्ताव नं ५) बिविध ग माथि छलफल गर्दा आलिताल गाउँपालिका वडा नं ४ को कार्यालयबाट सिफारिस भई आएका तपसिलका आर्थिक बिपन्न र बिरामी पीडितहरुलाई तपसिल अनुसारको राहत रकम वडा नं ४ कै बिनियोजित बजेट बाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

| सि.न | नाम थर | ठेगाना | राहत दिनुपर्ने कारण | भुक्तानी गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खडक बहादुर शाही ठकुरी | आलिताल ४ | बिपन्नता/एकल/बिरामी | १००००। | |
| २ | लाटी बोहरा | आलिताल ४ | बिपन्नता/आन्द्रा फुटेको | १००००। | |
| ३ | बाटु देबि कामी | आलिताल ४ | बिपन्नता/पाठेघर बिरामी | १००००। | |
| ४ | गंगा देबि सुनार | आलिताल ४ | बिपन्नता/मुटु सम्बन्धी | १००००। | |
| ५ | सुरेन्द्र बोहरा | आलिताल ४ | बिपन्नता/पेट सम्बन्धी | १००००। | |

निर्णय नं ५ बिविध घ :- (प्रस्ताव नं ५) बिविध घ माथि छलफल गर्दा आलिताल गाउपालिका भित्रका राहत पाउँ भनी निबेदन पेश गर्ने तपसिलका आर्थिक रुपले बिपन्न तथा दिर्घरोगीहरुलाई तपसिलको रकम बजेट शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

तपसिल:-

| सि.न | नाम थर | ठेगाना | राहत दिनुपर्ने कारण | भुक्तानी रकम | भुक्तानी गर्नु पर्ने शिर्षक |
|---|---|---|---|---|---|
| १ | प्रेम बहादुर कुवर | आलिताल ६ | फोक्सोमा घाउँ | २५०००। | आर्थिक सहायता |
| २ | पशुपती रैकाल | आलिताल ५ | गाई गोठ भत्केको | १५०००। | बिपद कोषबाट |
| ३ | भाना देबि पार्की | आलिताल ७ | दुर्घटना | २५०००। | आर्थिक सहायता |
| ४ | ईश्वरी देबि रावत | आलिताल ४ | पाठेघर सम्बन्धी | २००००। | आर्थिक सहायता |
| ५ | नवल सिंह रावल | आलिताल ३ | दुर्घटना | १५०००। | आर्थिक सहायता |
| ६ | लक्ष्मण बहादुर आउजी | आलिताल १ | प्रसुती मृत्यु | २५०००। | आर्थिक सहायता |
| ७ | मान बहादुर कामी | आलिताल १ | करेन्ट लागेको | २५०००। | बिपद कोषबाट |
| ८ | हरिना बोहरा | आलिताल ७ | थाईराईड। सुगर | २५०००। | आर्थिक सहायता |
| ९ | शारदा देबि धामी | आलिताल ७ | पाठेघर सम्बन्धी | २५०००। | आर्थिक सहायता |

निर्णय नं ५ बिविध ङ :- (प्रस्ताव नं ५) बिविध ङ माथि छलफल गर्दा आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को महालेखा परिक्षक कार्यालयको प्रतिबेदन उपर छलफल भई हाल कायम रहेको बेरुजु फछ्यौंटकोलागि सरोकारवाला सबैले आ-आफ्नो तर्फबाट तदारुकताका साथ कार्य गर्ने र आगामी बर्षमा बेरुजु शुन्य हुने गरी कार्य सम्पादन गर्ने गराउने निर्णय गरियो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner